स्थायी लेखा नं.: ३०१२९६१९०
कार्यालय कोड नं.: ८०१०५१२८

ठाकुरबाबा नगरपालिका
Thakurbaba Municipality

# नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

✆: ९८५८०७२१११

(Google Plus Code: C8RJ+C6 Neulapur)

सैनबारि, बर्दिया
Sainawar, Bardiya

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

## आ.व.२०८०/०८१ को विज्ञापन कर संकलन गर्ने सम्बन्धी सूचना ।

### प्रथम पटक प्रकाशित सूचना मिति :-२०८०/०६/३०

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६४ (१) को खण्ड (ग) बमोजिम नगरपालिकाको क्षेत्राधिकार भित्र बिभिन्न प्रकारका बिज्ञापनहरुमा करको दर निर्धाणर गर्ने र सो अनुरुप कर संकलन गरी प्रदेश सरकार र नगरपालिका बिच करको बाँडफाँड गर्ने कानुनी व्यवस्था भए बमोजिम यस ठाकुरबाबा नगरपालिकाको क्षेत्राधिकार भित्र आ.ब. २०८०/०८१ को लागि बढाबढ ठेक्का प्रथाबाट बिज्ञापन कर संकलन सम्बन्धि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुँदा नगरक्षेत्र भित्र बिभिन्न प्रकारका व्यवसाय प्रवर्द्धनका लागि राखिएका बिज्ञापन सामाग्रीहरुमा यस नगरपालिकाले तोकेको शर्तहरुको अधिनमा रही इच्छुक व्यवसायी, फर्म तथा कम्पनीबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी कर संकलन गर्नका लागि यस नगरपालिकाबाट जारी गरिएको तपशिल बमोजिमको शिलबन्दी दरभाउपत्र फाराम मिति २०८०/०७/१४ भित्र खरिद गरी मिति २०८०/०७/१५ गते दिनको १२ बजेभित्रमा रितपुर्वक पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | किसिम | न्युनतम ठेक्का मुल्य रु. (भ्याट सहित ) | शिलबन्दी दरभाउपत्र खरिद दस्तुर रू. | जमानत रकम रू. | कैफियत |
|---|---|---|---|---|---|
| १ | विज्ञापन कर संकलन | ५,००,०००/- | १,०००।- | २५,०००।- | |

थप जानकारीको लागिः सम्पर्क नं. ९८४४०८४५२१

२०८०/०६/३०
रामहरि रिजाल
प्रमुख प्रशासकीय अधिकृत

"समुन्नत ठाकुरबाबाः सबल नगरवासी"

स्थायी लेखा नं.: ३०१२९६११०
कार्यालय कोड नं.: ८०१०५१२८

ठाकुरबाबा नगरपालिका
Thakurbaba Municipality

# नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

(Google Plus Code: C8RJ+C6 Neulapur)
सैनवार, बर्दिया
Sainawar, Bardiya

☎: ९८५८०७२१११

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

## आ.व.२०८०।०८१ को विज्ञापन कर संकलन गर्ने सम्बन्धी सूचना ।

आय ठेक्का नं.:- ०१-२०८०।०८१

**पहिलो पटक सूचना प्रकाशित मिति :- २०८०/०६/३०**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६४ (१) खण्ड (ग) बमोजिम नगरपालिकाको क्षेत्राधिकार भित्र बिभिन्न प्रकारका बिज्ञापनहरुमा करको दर निर्धाणर गर्ने र सो अनुरुप कर संकलन गरी प्रदेश सरकार र नगरपालिका बिच करको बाँडफाँड गर्ने कानुनी व्यवस्था भए बमोजिम यस ठाकुरबाबा नगरपालिकाको क्षेत्राधिकार भित्र आ.ब. २०८०।०८१ को लागि बढाबढ ठेक्का प्रथाबाट बिज्ञापन कर संकलन सम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुँदा नगरक्षेत्रभित्र बिभिन्न प्रकारका व्यवसाय प्रवर्द्धनका लागि राखिएका बिज्ञापन सामाग्रीहरुमा यस नगरपालिकाले तोकेको शर्तहरुको अधिनमा रही इच्छुक व्यवसायी, फर्म तथा कम्पनीबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी कर संकलन गर्नका लागि यस नगरपालिकाबाट जारी गरिएको तपशिल बमोजिमको शिलबन्दी दरभाउपत्र फाराम मिति २०८०/०७/१४ गतेभित्र खरिद गरी मिति २०८०/०७/१५ गते दिनको १२ बजे भित्रमा रितपुर्वक पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं | ठेक्काको किसिम | कर संकलन गर्ने दररेट रु. (मु.अ.कर समेत) | न्युनतम अंक रु. (मु.अ.कर बाहेक) | बोलपत्र फारम दस्तुर रु. | धरौटी रकम रु. | खरिद गर्ने अवधि |
|---|---|---|---|---|---|---|---|
| १ | ठाकुरबाबा नगरपालिका आय ठेक्का: ०१-०८०/०८१ | बिज्ञापन कर | • डि.पि.एस. बोर्डहरु प्रति वर्ग फिट रु. ८५/-<br>• प्रचार प्रशार पर्चा पम्पलेट प्रति पाना रु. ५/-<br>• व्यापारिक तथा व्यवसायिक प्रयोजनको फेलेक्स प्रति वर्ग फिट रु.२०/-<br>• कपडाको तुल तथा फ्रेम नगरिएको फलेक्स व्यानर प्रति थान प्रति पटक रु.१००/-<br>• व्यापारिक तथा व्यवसायिक प्रयोजनका लागि घर तथा पर्खालमा लेखिएको प्रचार प्रसारमा प्रति वर्गफिट | | | | |

रामहरि रिजाल
प्रशासकीय अधिकृत

| सि.नं. | ठेक्का नं | ठेक्काको किसिम | कर संकलन गर्ने दररेट रु. (मु.अ.कर समेत) | न्युनतम अंक रु. (मु.अ.कर बाहेक ) | बोलपत्र फारम दस्तुर रु. | धरौटी रकम रु. | खरिद गर्ने अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | रु.१०/-<br>• व्यापारिक बस्तु सेवा तथा उत्पादनको स्टल राखि प्रचार प्रशार गर्ने कार्य प्रतिदिन रु १०००/-<br>• डिजिटल होर्डिङ्ग बोर्ड प्रति बर्ग फिट रु. २००/-<br>• डि.पि.एस. बोर्डहरुलाई १० बर्ग फिट भन्दा साना एक भन्दा बढि वार्ड राखे भएमा प्रति वर्ग फिट रु. १००/-<br>• लाईट बोर्ड प्रति बर्ग फिट रु. २००/-<br>• मुख्य शहरी क्षेत्रको सोलार पोलमा बिज्ञापन गर्दा मासिक रु.१००/-<br>• LED बोर्ड प्रति बर्गफिट रु २५०/-<br>• घुम्ति प्रचार प्रसार कार्य खाद्य औषधि तथा उपभोग्य बस्तु ( कृषि उपज बाहेक ) प्रतिदिन रु १०० र अन्य सामानको प्रतिदिन रु २००/-<br>• ग्लो साइनवोर्ड, नियोन साइनवोर्ड, विधुतीय वोर्डहरु प्रति वर्ग फिट रु१५०/-<br>• भित्ते लेखन, सटर पेन्टिंग प्रति वर्ग फिट रु१०/- | | | | |



रामहरि रिजाल
प्रमुख प्रशासकीय अधिकृत

| सि.नं. | ठेक्का नं | ठेक्काको किसिम | कर संकलन गर्ने दररेट रु. (मु.अ.कर समेत) | न्युनतम अंक रु. (मु.अ.कर बाहेक ) | बोलपत्र फारम दस्तुर रु. | धरौटी रकम रु. | खरिद गर्ने अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | • स्टल, गेट (चांडपर्व, मेला महोत्सव) दैनिक रु३५०/-<br>• वेलुन, व्यानर प्रति हसा रु३००/-<br>• व्यबसायीक दृष्टीले गाडी बाट माईकिंग गर्दा प्रतिदिन रु२००/-<br>• व्यबसायीक दृष्टीले रिक्सा टांगा र टेम्पो बाट माईकिंग प्रतिदीन रु१००/-<br>• मादक पदार्थ एवं धुम्रपानको बिज्ञापनमा २५% थप | | | | |

१. शिलबन्दी दरभाउपत्र खरिद गर्न ईच्छुक व्यवसायी, फर्म तथा कम्पनीहरुले मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.व.२०८०।०८१ सम्मको फर्म नविकरण, आ.व.२०७९/८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी वा म्याद थपको पत्र तथा व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र मु.अ.करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी साथ मिति २०८०/०७/१४ गते दिनको १७.०० बजे सम्ममा तोकिएको दस्तुर तिरी शिलबन्दी दरभाउपत्र खरिद गरी मिति २०८०/०७/१५ गते दिनको १२ बजे भित्रमा यस नगरपालिकाको कार्यालयमा दर्ता गर्न सकिने छ ।

२. तोकिएको समयभित्र प्राप्त शिलबन्दी दरभाउपत्र सोही दिन दिनको २.०० बजे शिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधि र यस नगरपालिकाका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । शिलबन्दी दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि शिलबन्दी दरभाउपत्र खोल्न कुनै बाधा पर्नेछैन । शिलबन्दी दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो दिन पछि कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

३. शिलबन्दी दरभाउपत्र फाराम खरिदको लागि यस नगरपालिकाको नाममा एन आई सि एसिया बैंक भुरिगाउँ शाखामा रहेको आन्तरिक राजस्व खाता नं. १६१२०५००२८२९६००२ मा तोकिए बमोजिमको दस्तुर जम्मा गरी सोको सक्कलै बैंक भौचर पेश गर्नुपर्ने वा नगरपालिकाको राजस्व शाखामा नगदै बुझाएको सक्कलै नगदी रसिद पेश गर्नुपर्ने छ ।

४. शिलबन्दी दरभाउपत्रदाताले कबोल गरेको अंक (भ्याट सहित) को ५ प्रतिशतले हुन आउने रकम धरौटी वापत यस कार्यालयको नाममा एन आई सि एसिया बैंक भुरिगाउँ शाखामा रहेको धरौटी खाता नं. १६१२०५०५२३८८८०१३ मा जम्मा गरेको सक्कलै



रामहरि रिजाल
प्रमुख प्रशासकीय अधिकृत

बैंक भौचरहरु वा नेपाल राष्ट्र बैंकबाट बैंक जमानत जारी गर्न मान्यता प्राप्त वाणिज्य बैंक वा वित्तिय संस्थाबाट जारी बैंक जमानतको सक्कलै प्रति पेश गर्नुपर्ने छ ।

५. शिलबन्दी दरभाउपत्रदाताले बोलकबोल रकम अंक र अक्षरमा दुवैमा उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिईने छ ।

६. म्याद नाघी वा रीत नपुगी प्राप्त भएको शिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन् ।

७. प्रचलित कानुन बमोजिम तिर्नुपर्ने कर तथा शुल्कहरु शिलबन्दी दरभाउपत्रदाता स्वंयले तिर्नुपर्ने छ ।

८. करको दररेट नगरपालिकाले उपलब्ध गराए बमोजिम हुनेछ । तोकिएको दरमा फरक नपर्ने गरि सम्बन्धित शिलबन्दी दरभाउपत्रदाताले कर संकलन गर्नुपर्ने छ ।

९. आ.व. २०८०/०८१ को लागि विज्ञापनमा लाग्ने कर संकलन मिति २०८०/०८/०१ गते देखि वि.सं. २०८१ साल असार मसान्त सम्मको लागि हुनेछ ।दुवै पक्षको समझदारीमा सम्झौता मिति देखि ३ वर्षमा नबढ्ने गरी सम्झौता गर्न सकिने छ।

१०. शिलबन्दी दरभाउपत्र स्वीकृत भई सम्झौंता भए पश्चात कुनै किसिमको छुट, मिनाह वा माफी दिईने छैन् ।

११.गत बिगतमा नगरपालिकाको ठेक्का प्राप्त गरि बुझाउनु पर्ने रकम बक्यौता रहेको कम्पनि व्यक्ति वा फर्मले यस ठेक्कामा सहभागी हुन पाउने छैन ।

१२.नगरपालिकाले समय समयमा दिएको निर्देशन पुर्ण पालना गर्नुपर्ने छ । साथै ठेक्का सम्बन्धी कुनै बिबाद सिर्जना भएमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

१३.सम्झौंता गर्दाको समयमा सम्बन्धित फर्मले सम्झौता रकमको ४० प्रतिशत रकम अनिवार्य रुपमा नगरपालिकामा अग्रिम जम्मा गर्नुपर्ने छ र बाँकी रहेको ६० प्रतिशत रकम कम्तीमा दुई किस्तामा वि.सं. २०८० को फागुन मसान्तभित्र पहिलो किस्ता र अर्को किस्ता वि. सं. २०८१ को असार मसान्तभित्र बुझाइ सक्नुपर्ने छ । बाँकी ६० प्रतिशत रकमको हकमा राष्ट्र बैंकबाट बैंक जमानत जारी गर्ने मान्यता प्राप्त वाणिज्य बैंक वा वित्तिय संस्थाबाट जारी बैंक जमानत( वि.सं. २०८१ भाद्र मसान्त सम्मको म्याद भएको) को सक्कल प्रति पेश गर्नुपर्ने छ । उक्त बैंक जमानत कार्यालयलाई तिर्नु बुझाउनु पर्ने शुल्क दस्तुर बझाई सकेको प्रमाण पत्र पेश गरेपछि फुकुवा हुनेछ । तोकिएको समयमा यस कार्यालयलाई तिर्नु बुझाउनु पर्ने शुल्क दस्तुर बुझाउन नसकेमा उक्त बैंक जमानत कानून बमोजिम यस कार्यालयले जफत गर्नेछ ।

१४. ठेक्का सम्बन्धी विस्तृत जानकारी यस नगर कार्यपालिकाको कार्यालय (राजश्व शाखा) बाट प्राप्त गर्न सकिने छ ।

१५.शिलबन्दी दरभाउपत्रदाताले ठेक्का लिई रकम संकलन गर्ने क्रममा कुनै किसिमको हानी नोक्सानी वा दुर्घटना भएमा शिलबन्दी दरभाउपत्रदाता स्वयं सोको जवाफदेही हुनुपर्नेछ ।

१६.ठेक्का सम्बन्धी रसिदहरु शिलबन्दी दरभाउपत्रदाता आफैले छपाई नगर कार्यपालिकाको कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । कार्यालयबाट प्रमाणित नगराई उठाईएको पाईएमा प्रचलित कानुन बमोजिम कार्वाही गरिनेछ ।

१७. यस नगरपालिकाको हितलाई मध्यनजर गरी शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१८.यस सुचनामा उल्लेख नभएका कुराहरु स्थानीय सरकार सञ्चालन ऐन, २०७४ क, सार्वजिनक खरिद ऐन,२०६२ (संशोधन सहित), सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) र प्रचलित कानुन बमोजिम हुनेछ ।

२०८०।०८।१०

रामहरि रिजाल
प्रमुख प्रशासकीय अधिकृत